नेपाल सरकार

# गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

पत्र संख्याः- शा.सु. ०७७/०७८-६

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:- १६०५

सिंहदरवार,

काठमाडौं, नेपाल।

मितिः २०७७/०८/२३

**विषयः- निर्णय पठाइएको सम्बन्धमा।**

**श्री प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाण्डौं।**
**श्री सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय, हलचोक, काठमाण्डौं।**
**श्री जिल्ला प्रशासन कार्यालय, सबै ।**

प्रस्तुत विषयमा मिति २०७७/०८/२३ गते मंगलबार माननीय गृहमन्त्री राम बहादुर थापा 'बादल'ज्यूको अध्यक्षतामा नदीजन्य पदार्थको उत्खनन्, संकलन, बिक्री वितरण व्यवस्थापन र क्रसर तथा बालुवा प्रशोधन उद्योग सञ्चालन सम्बन्धमा बसेको बैठकले गरेको निर्णयको छायाँप्रति कार्यान्वयनको लागि यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(सहदेव गौतम)
शाखा अधिकृत

निर्णय

१. नदिजन्य पदार्थको उत्खनन, संकलन तथा बिक्री वितरण व्यवस्थापन, क्रसर तथा बालुवा प्रशोधन उद्योग सम्बन्धमा मिति २०७७।०७।२५ गते सम्पन्न बैठकको निर्णय कार्यान्वयन स्थितिको समिक्षा भयो ।

२. ढुंगा, गिट्टी, बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को कार्यान्वयनमा देखिएका प्रक्रियागत तथा व्यवहारिक कठिनाई र समाधानका सम्बन्धमा बैठकबाट प्राप्त राय/सुझाव समावेश गरी आवश्यकता अनुसार सरोकारवालाहरूको थप राय सुझाव लिई विपद जोखिम न्यूनीकरणलाई ध्यानमा राखी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले पन्ध्र दिन भित्र ढुंगा, गिट्टी, बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी परिमार्जित मापदण्डको प्रस्ताव मन्त्रिपरिषद् समक्ष पेश गर्ने । एकीकृत मापदण्डमा नदिजन्य पदार्थको उत्खनन्, संकलन, बिक्री वितरण व्यवस्थापन, खानीजन्य उद्योग, क्रसर तथा बालुवा प्रशोधन उद्योगका लागि छुट्टाछुट्टै शर्त तथा मापदण्ड कायम गर्ने साथै हिमाल/पहाड तथा तराईका जिल्लाहरूका लागि दुरी सम्बन्धी छुट्टै मापदण्ड राख्ने ।

३. विपद जोखिम न्यूनीकरण, वातावरणीय संरक्षणलाई समेत ख्याल गरी नदिजन्य पदार्थको उत्खनन्, संकलन, उपयोग, बिक्री वितरण व्यवस्थापन तथा नदिजन्य पदार्थमा आधारित विभिन्न उद्योग सञ्चालन सम्बन्धमा अधिकार सम्पन्न छुट्टै निकायबाट नदिजन्य पदार्थको उपयोग तथा समग्र व्यवस्थापन गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले यस सम्बन्धी छुट्टै कानून निर्माणको प्रक्रिया सुरू गर्ने ।

४. विना दर्ता/अनुमति सञ्चालित क्रसर तथा बालुवा प्रशोधन उद्योग बन्द गर्ने । दर्ता/अनुमति प्राप्त भएका तर मापदण्ड पुरा नगरेका उद्योगको हकमा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय/सम्बन्धित स्थानीय तहले त्यस्ता उद्योगहरूबाट मापदण्ड पालनाको समयवद्द कार्ययोजना सहितको प्रतिबद्दता लिई मनासिव माफिकको समयावधि दिई मापदण्ड पुरा गरे पछि मात्र उद्योग सञ्चालन गर्न दिने ।

५. हाल घाटगद्दिमा मौज्दात रहेको नदिजन्य पदार्थको परिमाण एकिन गरी बिक्री वितरणको अभिलेख राख्ने व्यवस्था मिलाई प्रशोधित/अप्रशोधित ढुंगा, गिट्टी, बालुवाको भईरहेको बिक्री वितरणलाई निरन्तरता दिने ।

६. उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय खानी तथा भू-गर्भ विभागबाट पहिचान भएका ९२ वटा विभिन्न खानीजन्य उद्योग सञ्चालन सम्बन्धमा वन तथा वातावरण मन्त्रालय लगायत सम्बन्धित निकायसंग समन्वय गरी आवश्यक इजाजत/अनुमति प्रक्रिया अघि बढाउने ।

७. नदिजन्य पदार्थको उत्खनन्, संकलन, बिक्री वितरण व्यवस्थापनको जिल्ला अनुगमन समितिबाट प्रभावकारीरूपमा अनुगमन गर्ने । मापदण्ड विपरित सञ्चालन भएको पाइएमा कानून बमोजिम कारबाही गर्ने/गराउने ।